मुक्तिनाथ दर्शन सेवा
दैनिक माइक्रोबस छुट्ने समय :
बिहान ६:३० बजे

पोखरा साइडसिन सेवा
पोखरा उपत्यका घुम्नका लागि बस छुट्ने समय : बिहान ९:०० बजे
रुट नं. १ : पुम्दीकोट, शान्ति स्तुपा, डेभिजफल, फेवाताल, विन्ध्यवासिनी मन्दिर, महेन्द्र गुफा
रुट नं. २ : बेगनास ताल, रुपा ताल, इन्टरनेशनल माउन्टेन म्युजियम, पचभैया वन्यजन्तु चिडियाघर

मानसरोवर ट्राभल एण्ड टुर्स प्रा.लि.
नागढुंगा, पोखरा-९, फोन नं : 061-589012
544439, 9856051659, 9856034631



राष्ट्रिय दैनिक

# पोखरापत्र

Pokharapatra National Daily



रू. १.५ मा
कलर भिजिटिङ कार्ड
साथै
तुरुन्त क्यालेण्डर पुस्तक,
स्मारिका आदि छपाई गर्नु परेमा
सम्पर्क:
०६१-५७०६५१, ९८५६०७५५७५



❑ वर्ष २७ ❑ अङ्क ४० ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०८२ फागुन ११ गते सोमबार ❑ 23 Feb. 2026 ❑ पृष्ठ ४ ❑ मूल्य रू. ५।-


## कास्कीमा ४ हजार सुरक्षाकर्मी, २ हजार कर्मचारी खटिदै

**पोखरापत्र संवाददाता**
पोखरा, १० फागुन

यही फागुन २१ गते हुने प्रतिनिधिसभा सदस्य निर्वाचनको तयारी तिव्र पारिएको छ। कास्कीका ३ वटा निर्वाचन क्षेत्रमा सौहादपूर्ण र निष्पक्ष एवं शान्तिपूर्ण निर्वाचन गराउन आवश्यक तयारी तिव्र पारिएको कास्कीका मुख्य निर्वाचन अधिकृत हिमलाल बेल्बासेले बताउनुभयो।

कास्कीमा १ सय ५३ मतदानस्थल र ३ सय ६३ वटा मतदान केन्द्र निर्धारण गरिएसंगै सो क्षेत्रको बस्तु स्थितीबारे हाल अनुगमन यातायात एवं ढुवानीको सम्बन्धमा तथा कर्मचारी व्यबस्थापन देखि सुरक्षा व्यबस्थापनको काम अन्तिम चरणमा पुगेको उहाँले जनाउनु भयो। उहाँले भन्नुभयो "यो निर्वाचन भय रहित निष्पक्ष ढंगले गराउनु हामी सबैको दाहित्व हो, यसमा सबै उम्मेदवार, मतदाता जिम्मेवार हुनु पर्छ, हामीले शान्तिको प्रत्याभूति दिलाउछौं निर्वाचनमा सबै सक्रिय रुपमा सहभागी हुनुहोला।"

निर्वाचनका लागि आवश्यक ५३ प्रकारका सामग्रीमध्ये ५२ प्रकारका सामग्री जिल्लामा आइसकेको बताउदै उहाँले सोमबारदेखि मतदान अधिकृत, सहायकमतदान अधिकृत सहितका कर्मचारीलाई तीन दिने तालिम दिने तयारी गरिएको जनाउनु भयो। कास्कीको सुरक्षालाई मध्यनजर गरी सुरक्षाका तीन वटै अंगलाई परिचान गरीने केहीको काम सुरु भएको मुख्यनिर्वाचन अधिकृत बेलबासेले जनाउनु भयो। २ हजार १ सय ८३ जना कर्मचारी कास्कीको निर्वाचनमा परिचालन हुने भएको उहाँले जनाउनु भयो।

कास्कीका सहायक प्रमुख जिल्ला अधिकारी चित्राङ्गत बराललले सुरक्षाका दृष्टिले अतिसंवेदनशील र संवेदनशील मानिएका मतदानस्थलको अनुगमन गर्दै सुरक्षा व्यबस्था मिलाएको बताउनु भयो। सडक पहुँचको अवस्था, ढुवानीको व्याबस्था, बाटोको अबस्था लगायतको बिषयमा सरोकारवालाहरुसंग छलफल र संवाद गर्दै अघि बढेको उहाँले जनाउनु भयो। कास्कीमा जनपद प्रहरी सहित सशस्त्र प्रहरी बल र नेपाली सेनाबाट गरी ४ हजार १ सय ५४ जना सुरक्षाकर्मी निर्वाचन सुरक्षामा खटिने भएको सहायक प्रमुख जिल्ला अधिकारी बराललले उल्लेख गर्नुभयो। यसमा निर्वाचन प्रहरी तथा निर्वाचन शसस्त्र प्रहरी सहित उक्त संख्यामा सुरक्षा निकाय खटिएसंगै आवश्यक परेको खण्डमा प्रदेश प्रहरी र पश्चिम पृचना हेड क्वाटरबाट मगाउन सकिने यसका साथै मोवाइल टोली छुट्टै सुरक्षाको व्यबथामा रहने भएको प्रशासनले जनाएको छ। यसमा नेपाली प्रहरी ९ सय ९३, निर्वाचन प्रहरी १ हजार ९ सय २३, शसस्त्र प्रहरी ५ सय ३५, निर्वाचन शसस्त्र प्रहरी २ सय ५३ र नेपाली सेना ४ सय ५० जना परिचालन हुने भएको बराललले जनाउनुभयो। कास्की जिल्लामा आसन्न निर्वाचनमा ५६ अति संवेदनशील र ५४ संवेदनशील मतदानस्थल रहेका छन्। निर्वाचनको दिनमा मतदान स्थलमा प्रहरी, शसस्त्र प्रहरी, नेपाली सेना र आवश्यक अनुसार मोवाइल टोली रहने भएको सहायक प्रमुख जिल्ला अधिकारी बराललले बताउनु भयो। २०७९ मा २ लाख ९१ हजार ५ सय ६८ मतदाता रहेको कास्कीमा हाल बढेर ३ लाख ८ हजार ५ सय ७२ पुगेको छ। २०७९ को निर्वाचन पछि कास्कीमा १७ हजार ४ मत बढेको गण्डकी प्रदेश निर्वाचन कार्यालयका सूचना अधिकारी रुद्रनाथ न्यौपानले बताउनु भयो। कास्की क्षेत्र नम्बर १ मा हाल १ लाख १६ हजार ८ सय ७८ मतदाता रहेका छन भने कास्की क्षेत्र नम्बर २ मा ८४ हजार १ सय ३४ मतदाता रहनु भएको छ भने कास्की क्षेत्र नम्बर ३ मा १ लख ७ हजार ५ सय ६० मतदाता रहनु भएको उहाँदले जनाउनु भयो। अघिल्लो संस्करणको निर्वाचन पछि कास्की १ मा ६ हजार १ सय ६३, कास्की २ मा ४ हजार ९ सय ९६ र कास्की ३ मा ५ हजार ८ सय ४५ मतदाता बढी रहनु भएको हो। कास्की जिल्लाका तीनवटै प्रतिनिधिसभा निर्वाचन क्षेत्रबाट स्वतन्त्र सहित ४९ जना उम्मेदवार रहनु भएको छ। जिल्ला निर्वाचन अधिकृतको कार्यालयका अनुसार ४३ जना विभिन्न राजनीतिक दलका उम्मेदवार रहनु भएको छ भने ६ जनाले स्वतन्त्र रूपमा उम्मेदवारी दिनु भएको छ। कास्की-१ मा १७ जना, कास्की-२ मा १७ जना र कास्की-३ मा १५ जनाले उम्मेदवार हुनुहुन्छ।

## निर्वाचन ११ दिन बाँकी, ६ हजार ७४३ वडामा मतदाता शिक्षा कार्यक्रम जारी

**रासस**
काठमाडौं, १० फागुन

निर्वाचनलाई बढीभन्दा बढी सहभगितामूलक बनाउने र बदर प्रतिशत घटाउने उद्देश्यका साथ निर्वाचन आयोगले देशव्यापी रूपमा मतदाता शिक्षा कार्यक्रमलाई व्यापक रूपमा अगाडि बढाएको छ।

आमनागरिकलाई मताधिकारको महत्व र मतदानको प्रक्रियाका विषयमा जानकारी दिने उद्देश्यले आयोगबाट स्वीकृत कार्यक्रम मतदाता शिक्षा कार्यक्रम अगाडि बढाइएको छ। आयोगले यही फागुन ३ देखि १७ गतेसम्म देशभरका ७५३ स्थानीय तहका ६ हजार ७४३ वडामा एक-एक जना मतदाता शिक्षा स्वयंसेवक परिचालित भएको जनाएको छ।

आममतदाताको बस्ती तथा घरदैलोमा पुगेर नमूना मतपत्रको माध्यमबाट निर्वाचनको महत्व र मतदान प्रक्रियाबारे मतदातालाई जानकारी गराउने कार्य खटिएका स्वयंसेवकबाट भइरहेको आयोगले उल्लेख गरेको छ। मतदाता शिक्षा कार्यक्रम प्रयोजनका लागि आयोगले स्थानीय तहमा यसअघि तोकेका सम्पर्क व्यक्तिलाई नै निर्वाचन मतदाता शिक्षा कार्यक्रमको अनुगमनकर्ता तोकी अभिमुखीकरण कार्यक्रमसमेत सम्पन्न भइसकेको छ।

यस्तै, निर्वाचन आचारसंहिताको उल्लङ्घन हुनेगरी मिथ्या तथा भ्रमपूर्ण सूचना र घृणास्पद अभिव्यक्ति दिने व्यक्तिको निगरानी गर्न तथा गैरकानुनी कार्य गर्ने व्यक्ति र संस्थालाई नियामक निकायसँगको सहकार्यमा कानुनको दायरामा ल्याउन आयोगले अधिकतम् प्रयास गरिरहेको छ। आयोगमा स्थापना गरिएको निर्वाचन सूचना सम्प्रेषण तथा समन्वय केन्द्रअन्तर्गत सूचना सदाचार प्रवर्द्धन एकाइ पूर्ण रूपमा क्रियाशील रहेको जनाएको छ।

हानिकारक सूचना उत्पादन एवं सम्प्रेषण गर्ने २९० कन्टेन्ट उत्पादक र सम्प्रेषकलाई विद्युतीय कारोबार ऐन, २०६३ बमोजिम कारबाहीका लागि नेपाल प्रहरीको साइबर ब्यूरोमा उजुरी गरिएको छ। यस्तै, ११ वटालाई दूरसञ्चार प्राधिकरण ऐन, २०५२ बमोजिम कारबाही गर्न नेपाल दूरसञ्चार प्राधिकरणमा पठाइएको छ। त्यस्तै, ६५ वटालाई प्रेस काउन्सिल ऐन, २०४८ बमोजिम कारबाहीका लागि प्रेस काउन्सिल, नेपालमा र एक वटालाई विज्ञापन (नियमन गर्ने) ऐन, २०७६ बमोजिम कारबाहीका लागि पठाइएको आयोगले जनाएको छ।

## कांग्रेसले वर्तमान निर्वाचनलाई जनमतको परीक्षाका रूपमा स्वीकारेको छ: प्रवक्ता चालिसे

**रासस**
काठमाडौं, १० फागुन

नेपाली कांग्रेसका प्रवक्ता देवराज चालिसेले नेपाली कांग्रेसले दशकौंदेखि मुलुकले भोगेको राजनीतिक सङ्क्रमण, आर्थिक विषमूलता र जनताको आकाङ्क्षाअनुसार काम नभएको यथार्थलाई कांग्रेसले उच्च जिम्मेवारी बोधका साथ आत्मसात् गर्दै अब सुशासन र सुधार्ने अठोटका साथ वर्तमान निर्वाचनलाई जनमतको परीक्षाका रूपमा स्वीकारेको बताउनुभएको छ।

प्रतिनिधिसभा सदस्य निर्वाचन २०८२ को सन्दर्भमा जानकारी दिन नेपाली कांग्रेसले आइतबार पार्टी केन्द्रीय कार्यालय सानेपामा आयोजना गरेको पत्रकार सम्मेलनमा सञ्चारकर्मीलाई जानकारी दिंदै प्रवक्ता चालिसेले सार्वभौम जनताको जनादेश शासनको वैधताका आधार हो र यो चुनावद्वारा परिलक्षित हुन्छ भन्ने विषयलाई कांग्रेस गहिरोसँग आत्मसात् गरेको बताउनुभयो। "लोकतन्त्रको सबैभन्दा शक्तिशाली संवाहक प्रेसका सम्मानित प्रतिनिधिहरूबाट आलोचनात्मक समीक्षा खोजेका छौं, लोकतान्त्रिक आन्दोलनका आदिपुरुष बिपी कोइरालाले भनेझैं पत्रकारबाट आलोचना भएन भने हामी दुःखी हुन्छौं, प्रेसले प्राण मान्ने अभिव्यक्ति स्वतन्त्रता लोकतन्त्रको आत्मा हो र, कांग्रेस चाहिँ लोकतन्त्रको सेवक र संवाहक भएको नाताले सधैँ प्रेस स्वतन्त्रताको पक्षपोषण र पैरवी


बाँकी अन्तिम पृष्ठमा ▶▶


## फागुन २१ गते निर्वाचन हुँदैन भन्ने हल्लाको पछि नलाग्नु: कार्यवाहक प्रमुख निर्वाचन आयुक्त भण्डारी

**पोखरापत्र संवाददाता**
पोखरा, १० फागुन

कार्यवाहक प्रमुख निर्वाचन आयुक्त रामप्रसाद भण्डारीले केही व्यक्तिहरुले अहिले पनि फागुन २१ गते निर्वाचन हुँदैन भनी हल्ला गरिरहेकाले त्यस्ता गलत सूचनाको पछि नलाग्न सबैलाई आग्रह गर्नुभएको छ।

गोरखपत्र संस्थानले आइतबार यहाँ आयोजना गरेको निर्वाचन प्रचारप्रसारसम्बन्धी अभिमुखीकरण कार्यक्रमको उद्घाटन समारोहमा उहाँले केही कुण्ठित व्यक्तिहरूले अहिले पनि निर्वाचन हुँदैन भनी हल्ला गरिरहेकाले त्यस्ता गलत सूचनाको पछि नलाग्न आग्रह गर्नुभयो। उहाँले तोकिएको मिति र समयमा निर्वाचन हुनेमा ढुक्क हुन सबैमा आह्वान गर्नुभयो। सञ्चारकर्मीले निष्ठापूर्वक भूमिका निर्वाह गरिरहेकाले निर्वाचन हुने वातावरण बनेको कार्यवाहक प्रमुख आयुक्त भण्डारीले बताउनुभयो।

"सुशासनका लागि पनि निर्वाचन हुनुपर्छ, निर्वाचनले पाँच वर्षसम्म सुशासन कायम गर्ने अख्तियारी दिनेछ। निर्वाचन आचारसंहिता लागू भइरहेको छ, आचारसंहिता उल्लङ्घन भयो, भनी धेरै उजुरी आएका छन्, त्यसमा छानबिन गरेर निर्णयमा पुग्छौं। सूचना सम्प्रेषण पनि आचारसंहिताभित्र बसेर गर्नुपर्छ, आचारसंहिता अनुसार मत सर्वेक्षण गर्न पाइँदैन, मत सर्वेक्षणका नाममा निर्वाचनअघि यसले जित्छ र उसले हार्छ भनेर लेख्दा जित्नेले हार्ने र हार्नेले जित्ने अवस्था आउने देखिएकाले यसो गर्नुहुँदैन", उहाँले भन्नुभयो। प्रतिष्ठित व्यक्ति स्वयं संविधानको धारा १९ ले अधिकार दिएको भन्दै मत सर्वेक्षणमा लागेकाले सर्वोच्च अदालतबाट यसअघि यस्तै विषयमा भएको व्याख्या र विश्लेषण हेर्न पनि कार्यवाहक प्रमुख निर्वाचन आयुक्त भण्डारीले ध्यानाकर्षण गराउनुभयो। निर्वाचन पर्यवेक्षकले गर्ने पर्यवेक्षणका विषयमा पनि समाचार सङ्कलन गर्न उहाँले सञ्चारकर्मीलाई आह्वान गर्नुभयो।

फागुन २१ गते हुन लागेको निर्वाचन शताब्दीकै पेचिलो भए पनि यसलाई आयोगले सहज रूपमा सम्पन्न गर्न लागेको उहाँले जानकारी दिनुभयो। चलायमान अवस्थाबाट भाँडिएको देशलाई पुनः चलायमान बनाउन पनि निर्वाचन आवश्यक रहेकामा उहाँले जोड दिनुभयो। आयोगका सहसचिव एवं प्रवक्ता नारायणप्रसाद भट्टराईले सबै नागरिक मतदानका लागि जाने र यसअघिको निर्वाचनमा भन्दा बढी प्रतिशत मतदान हुने गरी सञ्चारमाध्यमले मतदाता शिक्षा दिइरहेकाले त्यसलाई अबको एक हप्ता तीव्र बनाइनुपर्नेमा जोड दिनुभयो। विसं २०७९ को निर्वाचनमाभन्दा बढी प्रतिशत मतदान भयो भने सफल भएको मानिने उहाँको भनाइ छ। गोरखापत्रले ४६ भाषामा समाचार सामग्री प्रकाशन गरिरहेकाले ती सबै भाषामा निर्वाचनसम्बन्धी मतदाता शिक्षाका सामग्री राख्नुपर्नेमा पनि प्रवक्ता भट्टराईले जोड दिनुभयो। गोरखापत्र संस्थानका अध्यक्ष गोविन्दप्रसाद भण्डारीले निर्वाचन र मतदाता शिक्षासम्बनधी जानकारी निर्वाचन आयोगले निर्वाचनका बेलामात्र दिने नभई यो विषयलाई विद्यालय तहको पाठ्यपुस्तकमा पाठ्यसामग्रीका रूपमा राखिनुपर्नेमा जोड दिनुभयो। आमसञ्चारमाध्यमले गर्ने शिक्षा, सूचना, सन्देश र मनोरञ्जनका काममा निर्वाचन एवं मतदाता शिक्षा पनि पर्ने भएकाले त्यसै अनुसार काम गरिनुपर्ने उहाँले बताउनुभयो।

संस्थानका महाप्रबन्धक लालबहादुर ऐरीले निर्वाचन, सुशासन र लोकतन्त्रलाई प्राथमिकतामा राखेर १०० दिनअघिदेखि गोरखापत्रले काम सुरु गरेको जानकारी दिनुभयो। अभिमुखीकरणमा संस्थानका सबै प्रकाशनमा कार्यरत सम्पादक, समाचारदाता, भाषा सम्पादक, भाषाभाषी पृष्ठका संयोजक र सहसंयोजक, प्रदेश संयोजकलगायत सहभागी भएका उहाँले जानकारी दिनुभयो। अभिमुखीकरणमा आयोगका सहसचिव राजेन्द्रकुमार केसीले निर्वाचन प्रचारप्रसार मतदाता शिक्षासम्बन्धी प्रस्तुतीकरण दिनुभएको थियो। बढी साक्षर भएको प्रदेशमा मत सदर प्रतिशत बढी हुने गरेको र कम साक्षरता प्रतिशत भएका प्रदेशमा मत बदर बढी हुने गरेकाले यसतर्फ सरोकार भएका निकायले बेलैमा ध्यान दिनुपर्ने उहाँले उल्लेख गर्नुभयो।


**प्रजातन्त्रको सम्मान गरौं**

- राज्य शक्तिको स्रोत जनता हुन्,
- निर्वाचित प्रतिनिधिले शासन गर्ने प्रक्रिया प्रजातान्त्रिक पद्धति हो,
- आवधिक निर्वाचन प्रजातन्त्रको आधारस्तम्भ हो.
- नागरिक सर्वोच्चता, स्वतन्त्रता र समानता प्रजातन्त्रका आधारशिला हुन्,
- प्रजातन्त्रमा मौलिक हक र मानवअधिकारको संरक्षण हुन्छ,
- कानूनी शासन प्रजातन्त्रको अनिवार्य शर्त हो,
- शासकीय क्रियाकलापमा नागरिक सहभागिता र प्रतिनिधित्व सुनिश्चित गरौं,
- सामाजिक न्याय र सामाजिक सुरक्षा कायम गरौं,
- सभ्य, सुसंस्कृत र समुन्नत राष्ट्र निर्माणमा सबैले हातेमालो गरौं।

प्रजातान्त्रिक संस्कृतिको सम्वर्द्धन गरौं।

नेपाल सरकार
विज्ञापन बोर्ड



सुपथ मूल्यमा आकर्षक छपाइ

पुस्तक, स्मारिका, ब्रोसर, क्यालेण्डर, निमन्त्रणा कार्ड, बिल, रसिद, पोष्टर,पम्प्लेट, भिजिटिङ्‌ कार्ड आदि छपाईसम्बन्धी कामका लागि हामीलाई सम्झनुहोस् ।
हिमालय अफसेट प्रेस
नयाँबजार, पोखरा
फोन नं. : ०६१-५७०६५१

# त्रिवि गण्डकी च्याप्टर निर्माण गरिने

पोखरापत्र संवाददाता
पोखरा, ८ फागुन

त्रिभुवन विश्वविद्यालयले उच्च शिक्षासम्बन्धी सेवा प्रवाहलाई व्यवस्थित गर्न गण्डकी च्याप्टरको अवधारणा ल्याएको छ।

त्रिविको समग्र पुनर्संरचना अभियानको एक हिस्साका रूपमा रहेको गण्डकी च्याप्टर कार्यशालाको उद्घाटन शनिबार पोखरामा त्रिभुवन विश्वविद्यालयका उपकुलपति प्रा डा दीपक अर्याल र विश्वविद्यालय अनुदान आयोगका अध्यक्ष प्रा डा देवराज अधिकारीले संयुक्त रूपमा गर्नुभयो।

त्रिभुवन विश्वविद्यालयको रणनीतिक योजना तथा दृष्टिकोणअनुरुप त्रिवि सभाबाट पारित गरिएको गण्डकी प्रदेशस्थित त्रिविको आङ्गिक क्याम्पस पृथ्वीनारायण (पिएन) क्याम्पसलाई उपाधि प्रदान गर्ने संस्थामा रूपान्तरण गर्नेसम्बन्धी अवधारणाको व्यापक अन्तर्क्रिया गर्ने उद्देश्यले आयोजित कार्यशाला गोष्ठीले पृथ्वीनारायण क्याम्पसको आवश्यक कार्ययोजना तयार गरी कार्यान्वयनमा लैजाने निर्णयसमेत गरेको छ। कार्यशाला गोष्ठीलाई सम्बोधन गर्दै त्रिभुवन विश्वविद्यालयका उपकुलपति प्रा डा अर्यालले त्रिविको सेवा प्रवाहलाई सरलीकरण गर्ने, विद्यार्थीले प्राप्त गर्नुपर्ने सबै सेवा सुविधालाई नजिकैबाट उपलब्ध गराउने, दीक्षान्त समारोहमा सबै विद्यार्थीहरू उपस्थित हुने अवस्था निर्माण गर्ने, पाठ्यक्रम स्तरीकरण तथा परीक्षासम्बन्धी कार्यहरूलाई अधिकार प्रत्यायोजन र मौजुदा ऐनको दायरमा रही नियममा परिमार्जन गरी सेवा प्रवाहलाई व्यवस्थित गर्ने योजना रहेको बताउनुभयो। कार्यक्रममा विश्वविद्यालय अनुदान आयोगका अध्यक्ष प्रा डा देवराज अधिकारीले त्रिभुवन विश्वविद्यालयले उच्च शिक्षासम्बन्धी सेवा प्रवाहलाई व्यवस्थित गर्न गण्डकी च्याप्टरको अवधारणा ल्याएकोमा खुसी व्यक्त गर्दै परिवर्तन र रुपान्तरणका लागि आँट गर्नसमेत पदाधिकारीलाई आग्रह गर्नुभयो। “हामी सधैँ विगतको अवस्थामा रहन सक्दैनौँ, समाज बदल्ने प्राध्यापकहरूनिडरआत्मविश्वासी बनौँ। दरबन्दी, परीक्षा, प्राविधिक पूर्वाधारका विषयमा अल्झिएर सेवा प्रभावमा सुधार गर्न पछि नहट्न सबवैलाई अनुरोध गर्दछु”, उहाँले भन्नुभयो। त्रिभुवन विश्वविद्यालयका शिक्षाध्यक्ष प्रा डा खड्ग केसीले गण्डकी च्याप्टरमार्फत १० वर्षअघिको सपनालाई सार्थकता दिन खोजिएको बताउनुभयो। गण्डकी च्याप्टरले प्राज्ञिक स्वायत्तताको अनुभूति गराउने, प्रशासनिक र शैक्षिक सेवा प्रभावलाई व्यवस्थित बनाई विद्यार्थीलाई गुणस्तरीय उच्च शिक्षा आर्जन गर्ने वातावरण मिलाउने, सबै शिक्षकलाई पाठ्यक्रम निर्माणलगायतका अनुसन्धान क्रियाकलापमा संलग्न गराउन ऐनमा भएका प्रावधानका आधारमै पृथ्वीनारायण क्याम्पसमा व्यवस्थापन गर्ने जानकारी दिनुभयो। त्रिविका रजिष्ट्रार प्रा डा केदारप्रसाद रिजालले गुणस्तरीय शिक्षाका लागि गण्डकी च्याप्टरले उदाहरणीय कार्य गर्ने अपेक्षा व्यक्त गर्दै गण्डकी प्रदेशका आङ्गिक क्याम्पस सक्षम छन् र नेतृत्व गर्न सक्छन् भनेर भौतिक, राजनीतिक, कानुनी जटिलताका बाबजुद पृथ्वीनारायण क्याम्पसमार्फत कार्यप्रारम्भ गरिएको बताउनुभयो। विश्वविद्यालय अनुदान आयोगका सदस्यज्ञसचिव डा ज्ञानबहादुर थापाले त्रिविको व्यवस्थापनका लागि केही दूरदर्शी निर्णय लिनुपर्ने धारणा व्यक्त गर्दै देशभरि केही च्याप्टर निर्माण गरेर थप व्यवस्थित, प्रभावकारी र विश्व परिवेश अनुकूल बनाउनुपर्ने भएकाले आजको दिनलाई ऐतिहासिक मानेर अघि बढ्न सबैलाई अनुरोध गर्नुभयो। उहाँले त्रिवि भौतिक र मानवीय संशाधनमा समृद्ध रहेकाले समग्र उच्च शिक्षाको गुणस्तर र व्यवस्थापनमा कुनै पनि प्रकारको सम्झौता नगरी सङ्घीयताको मान्यताअनुरुप आफ्ना निकायलाई व्यवस्थित गर्नुपर्ने धारणासमेतव्यक्तगर्नुभयो।त्रिभुवन विश्वविद्यालयका पूर्वउपकुलपति प्रा डा केशरजङ्ग बरालले गण्डकी च्याप्टरको प्रारम्भ पृथ्वीनारायण क्याम्पसमार्फत कैयौँ विद्यार्थीले सेवासुविधा प्राप्त गर्ने र पूरै गण्डकी प्रदेश लाभान्वित हुने बताउनुहुँदै पदाधिकारीलाई कार्यान्वयनका पेसागत तथा दलीय आस्थामा विभक्त सरोकारवाला शिक्षक, कर्मचारी तथा विद्यार्थीमार्फत हुनसक्ने चुनौतीका बारेमा समेत अवगत गराउनुभएको थियो।

शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालयका सचिव चुडामणि पौडेलले सेवा प्रभावलाई व्यवस्थित गर्न अधिकार प्रत्यायोजनमार्फत शैक्षिक प्रशासनलाई सरल, प्रभावकारी र व्यवस्थित बनाउन अनुरोध गर्नुभएको थियो। नेपालको उच्च शिक्षालाई सङ्घीय संरचनासँग जोडेर गुणस्तरीय, पहुँचयोग्य तथा बाजारमुखी बनाउने दिगो लक्ष्य राखेको उक्त कार्यशालामा गण्डकी च्याप्टर टाक्स फोर्सका संयोजक प्रा डा लालुप्रसाद पौडेलले बताउनुभयो। उच्च शिक्षालाई स्थानीयकरण गर्ने, पाठ्यक्रमलाई बजारकोआवश्यकताबमोजिमनिर्माण गर्ने, अध्ययन र अनुसन्धानलाई प्रभावकारी बनाउने, परीक्षा प्रणालीलाई सरलीकरण गर्ने, प्रक्रियामुखी तथा झन्झटिलो शैक्षिक प्रशासनलाई प्रभावकारी बनाउने, उच्च शिक्षा अनुकूलको भौतिक पूर्वाधार निर्माण गर्ने, मानवस्रोत व्यवस्थापनमा देखिएका व्यवधान समाधान गर्ने, तालिम तथा क्षमता अभिवृद्धिमा देखिएका विभेद कम गर्ने र समग्र उच्च शिक्षाको सम्पूर्ण प्रक्रियालाई व्यावहारिक रूपमा विकेन्द्रित गर्न महत्वपूर्ण प्रारम्भ हुने बताउनुभयो।

पृथ्वीनारायण क्याम्पसका क्याम्पस प्रमुख हरिप्रसाद पाठकले गण्डकी च्याप्टर निर्माणमा पृथ्वीनारायण क्याम्पसको भौतिक तथा मानव स्रोतको अवस्था, आर्थिक स्रोत व्यवस्थापनलगायत विषय समेटिएको कार्यपत्र प्रस्तुत गर्नुभएको थियो। गण्डकी प्रदेशमा सबैभन्दा बढी विद्यार्थी पृथ्वीनारायण क्याम्पसमा रहेको र पोखरा आसपासका आङ्गिक तथा सम्बन्धनप्राप्त क्याम्पसमा विद्यार्थी धेरै रहेकाले पनि गण्डकी च्याप्टर औचित्यपूर्ण हुने उहाँले बताउनुभयो। कार्यक्रममा व्यवस्थापन सङ्कायका डिन प्रा डा महानन्द चालिसे, त्रिवि कार्यकारी परिषद्का सदस्य डा जगतकृष्ण श्रेष्ठ, त्रिवि योजना निर्देशनालयका निर्देशक डा लक्ष्मीकान्त शर्मा, त्रिवि सभा तथा कार्यकारी परिषद्को कार्यालयका प्रमुख नवीनप्रसाद भण्डारी, शिक्षाध्यक्ष कार्यालयका प्रमुख गोविन्द थापा, रजिष्ट्रार कार्यालयका प्रमुख कमलप्रसाद घिमिरेलगायत गण्डकी प्रदेशमा रहेका त्रिविका सातवटै आङ्गिक क्याम्पसका क्याम्पस प्रमुख, पृथ्वीनारायण क्याम्पसमा कार्यरत प्राध्यापक, कर्मचारी तथा विद्यार्थीको उपस्थिति रहेको थियो।

# लेउवा संघमा ३ महिने सिलाई कटाई तालिम शुरु

पोखरापत्र संवाददाता
पोखरा, १० फागुन



लेखनाथ उद्योग वाणिज्य संघमा ३ महिने सिलाई कटाई तालिम आइतबारदेखि शुरु भएको छ।

सामाजिक विकास युवा तथा खेलकुद मन्त्रालय व्यवसायिक तथा सीप विकास तालिम केन्द्र गण्डकी प्रदेशको आयोजना एवम् लेखनाथ उद्योग वाणिज्य संघको समन्यमा तालिमको आयोजना गरिएको हो। तालिमको उद्घाटन गर्दै लेखनाथ उद्योग वाणिज्य संघका अध्यक्ष जानुका पराजुली अधिकारीले व्यवसायीहरुलाई कसरी सफल बनाउने र नयाँ उद्यमी व्यवसायीहरु उत्पादन गर्ने विषयमा संघ सँधै चिन्तनशिल रहेको बताउँदै तालिममा सिकेका सिपलाई व्यवहारमा प्रयोग गर्दै स्वरोजगार हुन आग्रह गरिन्।

कार्यक्रममा व्यवसायिक सीप विकास तालिम केन्द्रका प्रमुख अनिल सुवेदीले तालिम लिएपछि व्यवसाय गर्नुपर्छ भन्ने कुरामा केन्द्रले जोड दिँदै आइहेको वताउँदै सीप सिकेर स्वरोजगार हुने कुराले आफुहरुलाई उत्प्रेरणा मिल्ने वताएका थिए। सुवेदीले यस क्षेत्रको आवश्यकताको आधारमा माग गरे बमोजिमको तालिम लेखनाथमा ल्याउने प्रतिवद्धता व्यक्त गरेका थिए। यस्तै लेखनाथ उद्योग वाणिज्य संघका पुर्वअध्यक्ष लक्ष्मीप्रसाद त्रिपाठीले उद्धमी बन्ने अभिलाषाका साथ तालिममा सहभागी भएका सम्पुर्णलाई शुभकामना व्यक्त गरेका थिए। ३ महिनासम्म सञ्चालन हुने तालिमकी प्रशिक्षक ममता बस्यालले नियमित रुपमा सहभागि भई भोलीका दिनमा व्यवसायी बन्ने सोचका साथ ध्यान दिन र मेहनत गर्न प्रशिक्षार्थीहरुलाई आग्रह गरिन्। तालिम लिनको लागि आवेदन दिएका ५० जना भन्दा वढि मध्येबाट २१ जनालाई छनोट गरि तालिमको सञ्चालन गरिएको हो। उद्घाटन कार्यक्रमको सञ्चालन संघका महासचिव भरतराज ओभाले गरेका थिए।

# ल्यासएक्सटेन्ड एसपीएमयू तथा डियर स्किनले चौथो वार्षिकोत्सव मनाउँदै

पोखरापत्र संवाददाता
पोखरा, १० फागुन



पोखरास्थित ल्यासएक्सटेन्ड एसपीएमयू स्टुडियो तथा डियर स्किनले आफ्नो चौथो वार्षिकोत्सवको अवसरमा नयाँ भवनबाट सेवा सुरु गरेको छ यसअघि लेकसाइडमा सेवा दिँदै आएको स्टुडियो अब नागढुंगामा स्थानान्तरण भई शनिवार औपचारिक उद्घाटनसमेत सम्पन्न गरेको छ।

कार्यक्रममा अभिनेता धिरज मगरको विशेष उपस्थिति रहेको थियो। साथै, लाइभ म्युजिक प्रस्तुतिले समारोहलाई थप आकर्षक बनाएको थियो। कार्यक्रममा विभिन्न अतिथि, शुभेच्छुक तथा ग्राहकहरूको उल्लेखनीय सहभागिता रहेको थियो। चार वर्षअघि स्थापना गरिएको उक्त स्टुडियोले पोखरामा सौन्दर्य तथा स्किन केयर क्षेत्रमा आफ्नो छुट्टै पहिचान बनाउन सफल भएको छ। नयाँ भवनबाट सेवा सुरु भएसँगै अझ प्रभावकारी, व्यवस्थित तथा ग्राहक-मैत्री सेवा प्रदान गर्ने लक्ष्य लिइएको जनाइएको छ। स्टुडियोकी संस्थापक तथा प्रोपाइटर अरुणा गुरुङ अन्तर्राष्ट्रिय स्तरमा समेत परिचित एसपीएमयू आर्टिस्ट हुन्। हालै उनले दक्षिण कोरियाको बुसानमा आयोजित २०औँ अन्तर्राष्ट्रिय बडी आर्ट प्रतियोगितामा एसपीएमयू विधामा प्रथम स्थान हासिल गर्दै नेपालका लागि ऐतिहासिक सफलता प्राप्त गरेकी छन्। कार्यक्रममा गुरुङले आधुनिक उपकरण, उच्च स्वच्छता मापदण्ड तथा व्यावसायिक सेवालाई प्राथमिकतामा राखेर ग्राहकलाई गुणस्तरीय सेवा प्रदान गरिने बताएकी छन्। उनले पोखराबाटै अन्तर्राष्ट्रिय स्तरको सेवा उपलब्ध गराउने लक्ष्य राखेको बताइन्। साथै, महिला उद्यमशीलतालाई प्रोत्साहित गर्ने उदाहरणका रूपमा स्टुडियो संचालन भइरहेको बताइन्।

# जनताको घरदैलोमा उम्मेदवार र दलका कार्यकर्ता

पोखरापत्र संवाददाता
स्याङ्जा, १० फागुन



आगामी फागुन २१ गते प्रतिनिधि सभाको निर्वाचन हुँदैछ। प्रतिनिधि सभा सदस्यका लागि स्याङजाका दुवै क्षेत्रबाट स्वतन्त्र सहित २४ जना उम्मेदवार चुनावी मैदानमा छन्।

प्रत्येक ५/५ बर्षमा हुने प्रतिनिधि सभा सदस्यको निर्वाचन यो पटक ३ बर्षमै हुन लागेको छ। भदौ २३ र २४ गतेको जेनजी आन्दोलनका कारण प्रतिनिधि सभा भङ्ग भएपछि फागुन २१ गतेका लागि निर्वाचन तोकिएको थियो। तोकिएकै मितिमा हुने निर्वाचनका लागि अहिले स्याङजाका उम्मेदवारहरु जनताको घरदैलोमा मत माग्न व्यस्त छन्। फागुन ४ गतेबाट दलहरु र उम्मेदवारले खुलेर मत माग्न थालेका छन्। निर्वाचन आयोगले चुनावी प्रचारप्रसार खुला गरेपछि उम्मेदवारहरुलाई जनताको घरदैलोमा पुग्न भ्याइनभ्याई छ। जिल्लाभर २ लाख ४८ हजार ८ सय १६ मतदाता रहेका छन्। दुवै क्षेत्रका उम्मेदवार अहिले सबै मतदाता भेट्न घरदैलोमा मात्रै होइन विभिन्न शहर हरुमा समेत पुगेका छन्। निर्वाचित भएपछि जनताको घरदैलोमा नपुगेका दल र उम्मेदवार निर्वाचन आएसगै मतदाताको घरमा पुग्ने गरेका छन्। जनताको घरमा पुग्न निर्वाचन नै आउनुपर्ने रहेछ भन्ने बुझाई मतदाताको छ। जनतामा निर्वाचनको उत्साह भएपनि आफुले मतदान दिएर निर्वाचित भएका प्रतिनिधिलाई सधै देख्न पाउनुपर्ने आशामा स्याङजाका मतदाता रहेको बताइएको छ। निर्वाचित भएपछि ५ बर्षमा आफ्नो क्षेत्रमा गरिने विकासको मोडेल बोकेर आफ्ना प्रतिबद्धता सहित उम्मेदवार र दलका कार्यकर्ताहरुले मत मागिरहेका छन्। स्याङजामा विशेषगरी नेपाली कांग्रेस र नेकपा एमाले विचनै कडा प्रतिस्पर्धा देखिने गरेपनि यो पटकको निर्वाचनमा भने राष्ट्रिय स्वतन्त्र पार्टीले चुनौती थपिरहेको छ। २०४८ सालदेखी २०७९ को संघिय निर्वाचनमा कांग्रेस र एमालेलाई आलोपालो संसदमा पुऱ्याएका स्याङजावासीले यो पटक कसलाई पठाउने छन् भन्ने आँकलन गर्न कठिन देखिएको छ। कांग्रेस एमाले साख बचाउनेमा देखिएका छन् भने रास्वपा लगायत नेपाली कम्युनिष्ट पार्टी साँख उल्टाउनेमा लागेका छन्। जसले गर्दा काँग्रेस एमालेलाई नेपाली कम्युनिष्ट पार्टीको भन्दा रास्वपासगै भिड्न चुनौती देखिएको छ। संघिय लोकतान्त्रिक मुलुक निर्माणसगै भएका दुईओटा निर्वाचनमा कांग्रेस र एमालेले आलोपालो विजयी हाँसिल गरेका छन्। २०७४ को निर्वाचनमा दुवै संघिय निर्वाचन क्षेत्र नेकपा एमालेले जितेको स्याङजामा २०७९ को निर्वाचनमा नेपाली कौंग्रेसले विजयी हाँसिल गरेको थियो। २०८२ को निर्वाचनमा कौंग्रेसले पुरानो विरासत कायम राख्नेगरी चुनावी अभियानलाई तिव्रता दिएको छ भने नेकपा एमालेले २०७४ को विरासत फर्काउने गरी मतदातासगैं भिडेको छ। तर यो पटकको निर्वाचनमा भने रास्वपा दुवै पार्टीका लागि चुनौती बनेको देखिन्छ। दुवै पटकको निर्वाचनमा काँग्रेस एमाले गठबन्धन बनाएर चुनावी प्रतिस्पर्धामा उत्रेका थिए भने यो पटकको निर्वाचनमा सबै पार्टीहरु एक्लाएक्लै चुनावी प्रतिस्पर्धामा छन्।

# मतदाता शिक्षा सञ्चालनका लागि स्वयंसेवक परिचालन

पोखरापत्र संवाददाता
दमौली, १० फागुन

निर्वाचनलाई लक्षित गर्दै तनहुँ जिल्लामा मतदाता शिक्षा कार्यक्रम सञ्चालनका लागि स्वयंसेवक परिचालन गरिएको छ। निर्वाचनका क्रममा बदर मतको सङ्ख्या न्यून बनाउने उद्देश्यसहित जिल्लाका दशवटै पालिकामा स्वयंसेवक परिचालन गरिएको हो।

बन्दीपुर गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत कमल केसीले छ वटै वडामा मतदाता शिक्षा सञ्चालनका लागि स्वयंसेवकलाई तालिम दिएर खटाइएको जानकारी दिनुभयो। स्वयंसेवकलाई मतदान प्रक्रिया, मतदाताको अधिकार तथा कर्तव्य, बदर मत न्यूनीकरण लगायतका विषयमा अभिमुखीकरण गरिएको छ। उहाँले भन्नुभयो, “वडामा खटिने स्वयंसेवकलाई मतदातासँग पुगेर मतदान प्रक्रियाका बारेमा जानकारी गराउनुहुनेछ। यसको मुख्य उद्देश्य मत बदर न्यूनीकरण गर्नु हो।” जिल्ला निर्वाचन कार्यालयका निर्वाचन अधिकारी विकास लम्सालले सबै पालिकामा मतदाता शिक्षा सञ्चालनका लागि स्वयंसेवक खटाइएको जानकारी दिनुभयो।

# कांग्रेसले...

पार्टीका रूपमा स्थापित छ,” उहाँले भन्नुभयो। प्रवक्ता चालिसेले लोकतन्त्र एवम् आमजनताको स्वतन्त्रता र समृद्धिसँग अविच्छिन्न जोडिएको नेपाली कांग्रेसले चुनावी अभियानलाई सशक्तताका साथ अगाडि बढाइरहेको जानकारी गराउँदै लोकतन्त्रको स्थापना, संवर्द्धन तथा दिगो भविष्यतर्फ लोककल्याणकारी शासन व्यवस्थालाई सुदृढीकरण गर्न वर्तमान परिस्थितिमा भइरहेको निर्वाचन तथा यससँग जोडिएका अवसर र चुनौतीलाई अत्यन्त संवेदनशील भएर हेरेको बताउनुभयो।

“निर्वाचन शान्तिपूर्ण, भयमुक्त, निष्पक्ष र स्वतन्त्र वातावरणमा सम्पन्न गर्नु सरकारको पहिलो प्राथमिकता हो, हामी अनुरोध गर्न चाहन्छौँ, जनता जनतावीचको सामाजिक सद्भाव, धार्मिक सहिष्णुतामा असर पुऱ्याउने काम कतैबाट हुन नदिऔँ। सामाजिक विद्वेष फैलाउने, घृणायुक्त अभिव्यक्ति गर्ने पनि पार्टीबाट हुने हुँदैन, कसैको पनि आस्थामा चोट पुऱ्याउने अभिव्यक्ति, व्यक्तिगत निन्दा र पार्टीका झन्डा जलाउने गतिविधिलाई नेपाली कांग्रेस निन्दनीय कार्य हो भन्ने ठान्दछ र यस्ता गतिविधि तत्काल बन्द गरिनुपर्छ,” उहाँले भन्नुभयो। बदलिएको कांग्रेसलाई चिन्तनशील बुद्धिजीवी, पेसाकर्मी र आम गरिखाने वर्गले हार्दिक स्वागत गरेको अवस्था छ भन्दै प्रवक्ता चालिसेले अतिलोकप्रियतावादी उन्माद र प्रतिगामी भड्कावबीच मध्यमार्गी एवं सन्तुलित चरित्रको वैज्ञानिक पद्धति तथा व्यावहारिक उन्नति सुनिश्चित गर्न सम्पूर्ण सचेत वर्गले थप मेहनत गर्नुपर्ने चुनौती रहेकामा जोड दिनुभयो। उहाँले निर्वाचनलाई भयमुक्त र सद्भावपूर्ण वातावरणमा हुन नदिने सामाजिक सञ्जालदेखि विभिन्न माध्यमको प्रयोग गरी कांग्रेस उम्मेदवारहरूलाई अपमान तथा दुरुत्साहित गर्ने प्रयास भइरहेको भन्दै कांग्रेसले भयको राजनीति नगर्ने र गर्न पनि नदिने बताउनुभयो। उहाँले इतिहासमा अनेक सङ्घर्षको कसौटीमा उभिएको कांग्रेस अवसरवादी सङ्क्रमणका चुनौतीलाई सहजतापूर्वक सामना गर्न सक्षम छ भन्नुभयो।

“आयुर्वेदोऽमृतानाम:”
पोखराको पुरानो र विश्वासिलो आयुर्वेद अस्पताल
माता मनकामना आयुर्वेद क्लिनिक प्रा.लि
पोखरा-९, नयाँबजार(न्यू विवेक पेट्रोल पम्पको माथि)
०६१-५८९१९४, ९८४३११९०६, ९८१३६७७७०६
छाला तथा यौन रोगहरूका लागि
महिलाहरुमा : निसन्तानपन, सेतोपानी बग्ने, योनी चिलाउने, महिनावारीमा गडबडी आदी
पुरुषहरुमा : शिघ्रपतन, यौन सन्तुष्टि नहुने, यौन चहाना नहुने, स्वप्नदोष, सरुवा यौन रोग, लिंग उत्तेजना नहुने आदी

डा. बिनोद मिश्रा
प्रत्येक महिनाको १२ गते
पायल्स, फिसर, फिस्टुला तथा मलद्वार सम्बन्धी रोगहरुको सफल उपचारको लागि

डा. राजिव घिमिरे
प्रत्येक महिनाको पहिलो शनिबार
जस्तोसुकै (पुरानो/नयाँ) रोगहरुको विशेष आयुर्वेद उपचारको लागि

डा. सुरेश पुर्वे
महिनाको प्रत्येक दिन
उपचार गर्ने रोगहरु :-
१. पायल्स, फिसर, फिस्टुला
२. स्त्री तथा प्रसुति रोग
३. धातु तथा यौन रोग
४. श्वास प्रश्वास सम्बन्धी रोग
५. मृगौलाको पत्थरी
६. अनुहारको कालोपोतो र डण्डीफोर
७. उच्च रक्तचाप
८. सुगर(मधुमेह)
९. नशा तथा हाडजोर्नी रोग
१०. पिनास तथा एलर्जी

फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादक: रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्ध सम्पादक: नारायण भण्डारी
कार्यालय: नयाँबजार, पोखरा, फोन: ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E-mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com, Website : www.pokharapatra.com.np मुद्रण: हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा।

**सुक्तिसुधा**

क्षमा दिनु दुश्मनमाथि विजय प्राप्त गर्नु हो । – हजरत अली

## सम्पादकीय

# गौरको घटनाबाट सचेतता अपनाऔं

फागुन ७ गते रौतहटको सदरमुकाम गौरमा दुई समुदायबीच भएको सामान्य भनाभन तीन दिनमै उग्र साम्प्रदायिक दंगामा परिणत भएको छ। तोडफोड, आगजनी र ढुंगा हानाहानका घटना बढ्दै गएपछि अन्ततः प्रशासनले कर्फ्यु आदेश जारी गरेको छ । सेना परिचालन गरिएको छातोडफोड , आगजनी ,र हिंसात्मक गतिविधि रोक्न सेना परिचालन गरेर स्थानीय प्रशासनले सक्रियता देखाएको छ। सदरमुकामबाट सुरु भएको विवाद क्रमशः अन्य स्थानमा समेत फैलिएको छ। गौर नगरपालिकाका विभिन्न वडामा धार्मिक स्थल र सवारी साधन लक्षित आक्रमण भएपछि सुरक्षा अवस्था अत्यन्त संवेदनशील बनेको छ । सामान्य जस्तो लाग्ने घटनालाई स्थानीय प्रशासन सहित समाजका अगुवा र धार्मिक क्षेत्रका अगुवाको अपिल आवश्यक छ।

प्राप्त प्रारम्भिक विवरणअनुसार रौतहटको चार स्थानको मुस्लिम समूदायको धार्मिक स्थल मस्जिदमा आगजनी गरिएको छ। गौर नगरपालिका-४ स्थित गुप्ता पेट्रोल पम्प नजिक रहेको मस्जिदमा आगजनी गरिएको छ । त्यस्तै, गौर नगरपालिका-५ को उत्तरपट्टि रहेको अर्को मस्जिदमा समेत आगो लगाइएको छ। गौर नगरपालिका-८ पुरेनवामा निर्माणाधीन मस्जिदमा सामान्य तोडफोड गरिएको छ। धार्मिक स्थलमा लक्षित आक्रमण भएपछि स्थानीयस्तरमा त्रासको अवस्था सिर्जना भएको छ ।

सोही दंगाका क्रममा हालसम्म ५ वटा मोटरसाइकल, २ वटा स्कुटर, १ वटा स्कार्पियो गाडी र १ वटा ई-रिक्सा गरी जम्मा ९ वटा सवारी साधन पूर्ण रूपमा जलेर नष्ट भएका छन् । त्यसैगरी २ वटा मोटरसाइकल र १ वटा ई-रिक्सा गरी ३ वटा सवारी साधन तोडफोड गरिएको छ। क्षतिको विस्तृत मूल्यांकन कार्य जारी रहेको छ। ढुंगा हानाहानका क्रममा गौर नगरपालिका-६ निवासी अन्दाजी ४६ वर्षीय भगरित साहको टाउकोमा चोट लागेको छ । उनको अवस्था सामान्य रहेको जनाइएको छ। यसअघि घाइते भएका ६ जना स्थानीय उपचारपछि डिस्चार्ज भइसकेका छन् भने घटनामा घाइते भएका २ जना प्रहरी कर्मचारीसमेत उपचारपछि कार्यालय फर्किएका छन् । निर्वाचनको मुखमा हुने सांप्रदायिक दंगालाई राजनीतिक रंग देखाउने काम हुन सक्छ । राजनीतिक दल, स्थानीय प्रशासन र समुदायले सबैमा संयम अपनाउन अपिल गर्न आवश्यक छ ।

रौतहट प्रशासनले दंगा भड्काउने आरोपमा जनमत पार्टीका नेता शेख जमशेद सहित करिब २० जना लाई नियन्त्रणमा लिइ अनुसन्धान गरिरहेको छ । सामाजिक परिवेशमा खलल पुर्याउनेहरुलाई नियन्त्रणमा लिई प्रशासनले अनुसन्धान थालेको छ । घटनापछि गौर क्षेत्रमा नेपाल प्रहरीले सुरक्षा व्यवस्था कडा बनाएको छ। संवेदनशील क्षेत्रमा अतिरिक्त प्रहरी तथा सशस्त्र प्रहरी परिचालन गरिएको छ । गत ७ गतेदेखि सुरु भएको दंगा अहिलेसम्म् नियन्त्रणमा नआएपछि यसको असर आगामी निर्वाचनसम्म पर्ने देखिएको छ । जसको कारणले तीनै तहको सुरक्षाकर्मीलाइ हाइअलर्टमा परिचालन गरिएको छ भने प्रशासनले सर्वसाधारणलाई संयमित रहन, अफवाहमा विश्वास नगर्न तथा सामाजिक सद्भाव कायम राख्न अपिल गरेको छ। अवस्था नियन्त्रणमा ल्याउने प्रयास जारी रहेको छायसमा समाजका अगुवा र दलहरू र स्थानीय प्रशासनको सचेतना र खबरदारी जरुरी छ ।

## तपाईंको आज

| | | | |
|---|---|---|---|
| मेष | : सत्कार मिल्नेछ | तुला | : शुभ यात्रा |
| वृष | : अप्रत्यसित लाभ | वृश्चिक | : स्वास्थ्यमा सुधार |
| मिथुन | : शारीरिक झमेला | धनु | : आर्थिक समस्या |
| कर्कट | : मानसिक तनाब | मकर | : शत्रुको भय |
| सिंह | : ब्यापारमा लाभ | कुम्भ | : कार्यमा सफलता |
| कन्या | : झमेला बढ्ने | मीन | : सहयोग मिल्नेछ |

**हरिसिद्धि भविश्यवाणी केन्द्र**
पोखरा-१६, जोगिमणीमार्ग, मोबाइल: ९८५६०२०५८६
चिना, टिप, हस्तरेखा,आखत,माटो हेर्नका लागि सम्झनुहोस् ।

# तनहुँमा मतपत्र आइपुग्यो

**पोखरापत्र संवाददाता**
दमौली, १० फागुन

यही फागन २१ गते हुने प्रतिनिधिसभा सदस्य निर्वाचनका लागि तनहुँमा मतपत्र आइपुगेको छ । तनहुँका दुवै क्षेत्रको प्रत्यक्ष र समानुपातिकतर्फको मतपत्र शनिबार आइपुगेको हो ।

तनहुँ क्षेत्र नं १ को मतपत्र दमौलीस्थित मुख्य निर्वाचन अधिकृतको कार्यालय र क्षेत्र नं २ को मतपत्र दुलेगौंडास्थित निर्वाचन अधिकृतको कार्यालयमा राखिएको जिल्ला निर्वाचन कार्यालय तनहुँका प्रमुख विकास लम्सालले जानकारी दिनुभयो । क्षेत्र नं १ प्रत्यक्षतर्फ एक लाख ३६ हजार र समानुपातिकतर्फ एक लाख ४२ हजार मतपत्र आएको छ। क्षेत्र नं २ प्रत्यक्षतर्फ एक लाख ३७ हजार र समानुपातिकतर्फ पनि एक लाख ३७ हजार मतपत्र आइपुगेको निर्वाचन अधिकारी लम्सालले बताउनुभयो । निर्वाचनका लागि आवश्यकपर्ने अन्य सामग्री पनि व्यवस्थापनको काम सकिएको छ । निर्वाचनका लागि खटिने मतदान अधिकृत र सहायक मतदान अधिकृत नियुक्ति भई अब तालिम सञ्चालन गर्न लागिएको छ। लम्सालका अनुसार क्षेत्र नं १ का कर्मचारीका लागि फागुन ११ र क्षेत्र नं २ का कर्मचारीका लागि फागुन १२ गते तालिम सञ्चालन हुनेछ। निर्वाचनका लागि तनहुँमा दुई लाख ५४ हजार ३९७ मतदाता छन् । त्यसमध्ये पुरुषको सङ्ख्या एक लाख २३ हजार ४९१ र महिलाको सङ्ख्या एक लाख ३० हजार ९०६ जना रहेको लम्सालले बताउनुभयो । दुई प्रतिनिधिसभा निर्वाचन क्षेत्र रहेको यहाँ तनहुँ क्षेत्र नं १ तर्फ एक लाख २६ हजार ८८२ र क्षेत्र नं २ तर्फ एक लाख २७ हजार ५१५ मतदाता कायम भएका छन् । क्षेत्र नं १ मा पुरुषको सङ्ख्या ६१ हजार ७७८ र महिलाको सङ्ख्या ६५ हजार १०४ रहेको छ । क्षेत्र नं २ मा पुरुषको सङ्ख्या ६१ हजार ७१३ र महिलाको सङ्ख्या ६५ हजार ८०० दुई रहेको छ। क्षेत्र नं १ तर्फ व्यास नगरपालिका, भानु नगरपालिका, बन्दीपुर गाउँपालिका, आँबुखैरेनी गाउँपालिका र देवघाट गाउँपालिका पर्दछ । क्षेत्र नं २ तर्फ शुक्लागण्डकी नगरपालिका, भिमाद नगरपालिका, म्याग्दे गाउँपालिका, ऋषिङ गाउँपालिका, घिरिङ गाउँपालिका र व्यास नगरपालिकाको वडा नं ५ र ६ पर्दछ ।

## नागरिक पारदर्शिताको लागि सार्वजनिक सूचना

पोखरा महानगरपालिका वडा नं. ३० मोहरियामा सयपत्री मार्ग स्तरोन्नती गर्दा निम्न अनुसारको आम्दानी तथा खर्च भएको सम्बन्धित सबैको जानकारी तथा नागरिक पारदर्शिताको लागि यो सूचना प्रकाशित गरिएको छ ।

योजनाको नाम : सयपत्री मार्ग स्तरोन्नती
उपभोक्ता समितिको नाम : सयपत्री मार्ग स्तरोन्नती उपभोक्ता समिति, पोखरा-३०, कास्की
जम्मा सदस्य संख्या : ७
महिला सदस्य संख्या : ३
योजना सम्झौता मिति : २०८२/०९/११
योजना सुरु मिति : २०८२/०९/१२
योजना सम्पन्न हुने मिति : २०८२/१२/३०
महानगरपालिकाबाट : रु. ७,००,०००/-
उपभोक्ताबाट : रु. ३,०४,०३४/७५
योजनाको कुल खर्च : रु. ९,९९,१६०/२७
योजनाको कुल लागत अनुमानित : रु. १०,०४,०३४/७५

**विष्णु प्रसाद भट्टराई**
**अध्यक्ष**
**सयपत्री मार्ग स्तरोन्नती उपभोक्ता समिति, पोखरा-३०, कास्की**

## नागरिक पारदर्शिताको लागि सार्वजनिक सूचना

पोखरा महानगरपालिका वडा नं. २२ कोदी अनदुमा सडक स्तरोन्नती गर्दा निम्न अनुसारको आम्दानी तथा खर्च भएको सम्बन्धित सबैको जानकारी तथा नागरिक पारदर्शिताको लागि यो सूचना प्रकाशित गरिएको छ ।

योजनाको नाम : अनदु सडक स्तरोन्नती
उपभोक्ता समितिको नाम : अनदु सडक स्तरोन्नती सडक समिति, पोखरा-२२, कास्की
जम्मा सदस्य संख्या : ७
महिला सदस्य संख्या : ३
योजना सम्झौता मिति : २०८२/०९/०१
योजना सुरु मिति : २०८२/०९/०३
योजना सम्पन्न हुने मिति : २०८३/१०/१३
महानगरपालिकाबाट : रु. २०,००,०००/-
उपभोक्ताबाट : रु. २,२६,८६०/७८
योजनाको कुल लागत : रु. २२,२६,८६०/७८

**प्रमिला अधिकारी**
**अध्यक्ष**
**अनदु सडक स्तरोन्नती सडक समिति,**
पोखरा-२२, कास्की

## वडा नं २६ को सार्वजनिक सूचना

स्याङ्जा जिल्ला बिरुवा गाउँपालिका, वडा नं- ०४ स्थायी ठेगाना भएका विना कुमारी रानाको नाममा पोखरा महानगरपालिका वडा नं २६ (साविक कन्धनीडांडा गा.वि.स., वडा नं- ०८) को प्रगति मार्गको कि .नं. २०३८ मा निर्माण हुने घरको नक्सा पास गर्नका लागि पुर्व तर्फ बाटो, पश्चिम तर्फ कि. नं. ८३, उत्तर तर्फ कि. नं. २०३९ र दक्षिण तर्फ कि.नं. ३८३ को साँधसंधियार फेला नपरेकाले कोहि कसैलाई असुविधा पर्ने भए यो सुचना प्रकाशन भएको मितिले सात दिन भित्र वडा कार्यालय २६ मा लिखित निवेदन दिनु हुन सबैको जानकारीका लागि यो सुचना प्रकाशन गरिएको छ।

**पोखरा महानगरपालिका, वडा नं. २६, कास्की**

# ‘युवा पुस्ताको भावना सम्वोधनमा कमी हुने छैन’ : रश्मि आचार्य

**पोखरापत्र संवाददाता**
पोखरा, १० फागुन

नेपाल कम्यूनिष्ट पार्टी( एमाले)को तर्फवाट कास्कीको निर्वाचन क्षेत्र नं. २ प्रतिनिधि सभा सदस्यका उम्मेदवार रश्मि आचार्यले युवा पुस्ताको भावनालाई कमी हुन नदिने बताएका छन् ।

नेकपा एमाले कास्की निर्वाचन क्षेत्र नं. २ युवा तथा विद्यार्थी भेलामा बोल्दै उनले युवा पुस्ताले उठाएका भ्रष्टाचार न्यूनिकरण र सुशासनका मुद्दा स्थापित गर्न निरन्तर लाग्ने प्रतिवद्धता व्यक्त गरे । प्रतिनिधि सभा सदस्य भएर ताली बजाउन मात्र आफ्नो उम्मेदवारी नभई विद्यमान झण्झटीलो कानूनी व्यवस्थालाई संशोधन गरि मुलुकका रोजगार मूलक शिक्षाको खाँचो औल्याउँदै उनले उपलव्धी प्राप्तिका लागि युवा शक्ति संगठित भएर लाग्नु पर्नेमा जोड दिए । मुलुकमा विकास र सामाजिक सुरक्षाको थालनि गर्ने पार्टी एमाले भएको बताउँदै पर्यटकीय राजधानी पोखरामा पर्यटकको वसाई लम्व्याउन आवश्यक पूर्वाधार तयारीमा जुटने उनको भनाई थियो । नेकपा एमाले जिल्ला कमिटी सदस्य एवम् युवा विद्यार्थी परिचालन कमिटी सहसंयोजक कार्लोस गुरुङको अध्यक्षतामा भएको कार्यक्रममा एमाले कास्की निर्वाचन परिचालन कमिटीका संयोजक भेषराज बराल, नेतापुष्प ज्योती ढुङ्गाना, राष्ट्रिय युवा संघ नेपालका केन्द्रीय सचिव मदन भण्डारी, कुशल सुनार लगायतले पार्टीलाई चारैतर्फबाट आक्रमण भएको वर्तमान अवस्थामा संगठित भएर निर्वाचनमा जुट्नुको विकल्प नभएको बताए । अनेर स्वयू कास्कीका अध्यक्ष सन्तोष पोखरेलले स्वागत गरेको कार्यक्रम युवा संघ केन्द्रीय सदस्य एवम् युवा विद्यार्थी परिचालन कमिटी सहसंयोजक सरस्वती पुरीले सञ्चालन गरेकी थिईन्। कार्यक्रममा सहभागि युवाहरुले निर्वाचनमा अत्याधिक मतले विजयी गराउन जुट्ने उम्मेदवार रश्मि समक्ष प्रतिवद्धता व्यक्त गरेका थिए।

# कास्की-१ मा गनेस पौडेलको वाचापत्र सार्वजनिक

**पोखरापत्र संवाददाता**
पोखरा, १० फागुन

राष्ट्रिय स्वतन्त्र पार्टी कास्की निर्वाचन क्षेत्र नम्बर-१ का उम्मेदवार गनेस पौडेलले आगामी प्रतिनिधिसभा निर्वाचनलाई लक्षित गर्दै आफ्नो वाचापत्र सार्वजनिक गरेका छन् । वाचापत्रमा शिक्षा, स्वास्थ्य, पर्यटन, कृषि, उद्योग-रोजगार, भूमि अधिकार, सुशासन तथा पूर्वाधार विकासलाई प्राथमिकतामा राखिएको छ।

वाचापत्रअनुसार विद्यालय शिक्षा ऐनमार्फत सबैको हित सुनिश्चित गर्ने, प्रत्येक वडामा पुस्तकालय स्थापना गर्ने तथा प्रत्येक पालिका वा १० हजार विद्यार्थीलाई पायक पर्ने गरी नमुना विद्यालय विकास गर्ने प्रतिबद्धता जनाइएको छ। स्वास्थ्यतर्फ आधारभूत स्वास्थ्य सेवा सबै स्वास्थ्य संस्थाबाट निःशुल्क उपलब्ध गराउने, स्वास्थ्य बीमामा सबैको आबद्धता सुनिश्चित गर्ने तथा ‘स्वस्थ नेपाल’ अभियानलाई प्रवर्द्धन गर्ने उल्लेख छ। पर्यटन क्षेत्रलाई उद्योगसरह सुविधा उपलब्ध गराउने, पदमार्ग संरक्षण ऐन जारी गर्ने तथा कास्कीका प्रमुख ताल र पर्यटकीय गन्तव्यलाई जोड्ने “इको-टुरिज्म सर्किट” विकास गर्ने योजना वाचापत्रमा समेटिएको छ। ‘अबको किसान को?’ कार्यक्रम लागू गर्दै अर्गानिक, बायो-डायनामिक र पर्माकल्चर कृषिको प्रवर्द्धन गर्ने, बिचौलिया रहित किसान बजार स्थापना गर्ने योजना अघि सारिएको छ । त्यसैगरी नयाँ उद्योग दर्ता तथा खारेजीमा एकद्वार प्रणाली लागू गर्ने, स्टार्टअप तथा साना उद्योगलाई वित्तीय सहुलियत र मार्गदर्शन उपलब्ध गराउने तथा रोजगारी पोर्टल र श्रम बैंक स्थापना गर्ने प्रतिबद्धता जनाइएको छ।

भूमिस्वामित्वलाई नागरिकको आधारभूत अधिकारका रूपमा स्थापित गर्ने, भूमिहीन दलित र सुकुम्बासीको भूमि अधिकार सुनिश्चित गर्ने तथा अव्यवस्थित बसोबासको समस्या समाधान गर्ने योजना वाचापत्रमा उल्लेख गरिएको छ। ग्रामीण सडक स्तरोन्नति र कालोपत्रे, ‘युटिलिटी डक्ट’ प्रणालीमार्फत सडक पटक-पटक खन्ने समस्या समाधान तथा पोखरा-त्रिवेणी र पोखरा-कोरला सडक विस्तारको पहल गर्ने योजना समावेश गरिएको छ।

## “कास्की जिल्लाको माछापुच्छ्रे गाउँपालिका वडा ४ स्थित सात रोपनी नौ आना दुई पैसा एक दाम निजि जमिनबाट निर्माणजन्य पदार्थको उत्खनन्” आयोजनाको प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदन तयारी सम्बन्धी सार्वजनिक सुनुवाईको सूचना

**(प्रथम पटक प्रकाशित मितिः २०८१/११/११)**

गण्डकी प्रदेश, कास्की जिल्ला, माछापुच्छ्रे गाउँपालिका वडा नं. ४. लाहाचोक गाउँमा श्री रुद्रलाल बास्तोला तथा श्रीमती गौरी ढकालद्वारा निम्न बमोजिमको प्रस्ताव कार्यान्वयन गर्न लागिएको छ।

| | |
|---|---|
| प्रस्तावको नाम तथा ठेगाना | श्री कृष्ण प्रसाद सुबेदी तथा श्रीमती पार्वती बास्तोला<br>मिलन चोक-२५, पोखरा<br>गण्डकी प्रदेश, नेपाल<br>टेलिफोनः +९७७-९८५६०२९७१२ |
| प्रस्तावको व्यहोरा | प्रस्तावित “कास्की जिल्लाको माछापुच्छ्रे गाउँपालिका वडा नं. ४ स्थित सात रोपनी नौ आना दुई पैसा एक दाम (७-९-२-१) निजि जमिनबाट निर्माणजन्य पदार्थको उत्खनन् आयोजना” लाहाचोक गाउँमा प्रस्तावक श्री कृष्ण प्रसाद सुवेदीको नाममा रहेको कित्ता नं. ९६५ (४-६-१-१),९६६ (१-८-२-३) तथा श्रीमती पार्वती बास्तोलाको नाममा रहेको कित्ता नं. १५७८ (१-१०-२-१) मा रहेको जम्मा ३,८६५.१८ वर्ग मिटर जग्गालाई आवासीय प्रयोजन तथा कृषिमा उपयोग गर्नको लागि जग्गालाई सम्याउने र सरल सिचाई व्यवस्थापन सहित खेतियोग्य जमीनमा रुपान्तरण गर्दै दीर्घकालिन रुपमा तरकारी खेती गर्ने तथा यस क्रममा उत्पादन हुने मिटर माटो तथा ग्रावेल प्रचलित नियम कनुनको अधिनमा रही स्थानीय बजारमा बिक्रीवितरण गर्नु यस प्रस्तावको मुख्य उद्देश्य रहेका छ। |
| प्रभाव पर्न सक्ने जिल्ला/म.न.पा./गाउँपालिका | गण्डकी प्रदेश, कास्की जिल्ला, माछापुच्छ्रे गाउँपालिका वडा न. ४. |

माथि उल्लिखित प्रस्तावको संक्षिप्त वातावरणीय अध्ययन प्रतिवेदन तयारी गर्ने क्रममा सो क्षेत्रको जैविक तथा परिस्थितिकीय प्रणाली, प्राकृतिक तथा भौतिक प्रणाली, सामाजिक तथा आर्थिक प्रणाली र सांस्कृतिक प्रणालीहरु बीच के कस्तो सकारात्मक तथा नकारात्मक प्रभाव पर्दछ भनी यकिन गर्न, माछापुच्छ्रे गाउँपालिका ४ नं. वडा समिति, विद्यालय, स्वास्थ्य संस्था तथा सरोकारवाला व्यक्ति वा संस्थाको लिखित राय सुझाव लिन आवश्यक भएकाले यो सार्वजनिक सूचना प्रकाशन भएको मितिले सात दिन भित्र देहायमा उल्लिखित ठेगानामा आई पुग्ने गरी लिखित राय सुझाव उपलब्ध गराई दिनुहुन अनुरोध गरिन्छ।

### राय सुझावका लागि पत्राचार गर्ने ठेगानाः

| | |
|---|---|
| प्रस्तावकको नाम र ठेगानाः | श्री कृष्ण प्रसाद सुवेदी तथा श्रीमती पार्वती वास्तोला<br>मिलन चोक-२५, पोखरा<br>गण्डकी प्रदेश, नेपाल<br>टेलिफोनः +९७७-९८५६०२९७१२ |
| परामर्शदाताको नाम र ठेगानाः | ग्रीन प्रविधि इन्जिनियरिङ सोलुसन प्रा. लि.<br>पोखरा महानगरपालिका वडा नं. ६, कास्की, गण्डकी प्रदेश, नेपाल<br>टेलिफोनः +९७७-९८६६०११०२०, इमेलः greentech968@gmail.com |

# 'राजनीतिक दलका उम्मेदवारको साङ्गठनिक विरासत र महावीरको व्यक्तित्वबीचको प्रतिस्पर्धा'

**सन्तोष गौतम**
म्याग्दी, १० फागुन

प्रतिनिधिसभा सदस्य चुनावको प्रचारप्रसारका क्रममा जिल्लामा फरक फरक नयाँ दृश्यहरू देखिएका छन् ।

चुनाव प्रचारका लागि गाउँमा पुगेका उम्मेदवारलाई स्थानीयले आर्थिक सहयोग गर्ने, एउटै मञ्चबाट दुई पार्टीका उम्मेदवारले मत माग्नेदेखि चुनावी प्रतिबद्धता पूरा गरेकामा विपक्षी पार्टीका जनप्रतिनिधिका नेतृत्वमा पूर्वसांसदलाई सम्मान गरेका हुन् ।

अनौपचारिक शैलीमा टोलटोलमा पुगेर चुनाव प्रचार गरिरहनुभएका स्वतन्त्र उम्मेदवार डा महावीर पुनलाई विभिन्न ठाउँमा आमा समूह र स्थानीयवासीले स्वस्फूर्त रूपमा आर्थिक सहयोग गरिरहेका छन् । अन्तरिम सरकारको शिक्षा, विज्ञान तथा प्रविधिमन्त्रीबाट राजीनामा दिएर पुख्र्यौली थलो म्याग्दीमा प्रतिनिधिसभा सदस्यको प्रतिस्पर्धाका लागि होमिनु भएका पुनलाई उहाँको जन्मथलो अन्नपूर्ण गाउँपालिका-८ नागी, मालिका गाउँपालिका-५ पन्थोक, ४ च्युरीबोटलगायत ठाउँमा मतदाताले स्वस्फूत आर्थिक सहयोग गरेका छन् । "कतिपयले चुनाव जित्न मतदातालाई पैसा बाँडेको चर्चा हुने गरे पनि मलाई उल्टै मतदाताहरूले नै आर्थिक सहयोग गरिरहनुभएको छ", चुनावी अभियानका क्रममा धवलागिरि गाउँपालिका-६ मराङमा पुगेका पुनले भन्नुभयो, "हालसम्म रु १५ लाख सहयोग पाएको छु । प्राप्त सहयोग रकमको हिसाब चुनावपछि सार्वजनिक गर्नेछु ।" केही दिनअघि फरकफरक पार्टीका दुई जना उम्मेदवारले एउटै मञ्चबाट मत मागेको अन्नपूर्ण-१ दोवामा शनिबार चुनावी प्रतिबद्धता पूरा गरेको जनाउँदै नेकपा (एमाले)बाट निर्वाचित वडाध्यक्षका नेतृत्वमा स्थानीयवासीले तत्कालीन नेकपा (माओवादी केन्द्र)बाट निर्वाचित गण्डकी प्रदेशका पूर्वसांसद विनोद केसीलाई सम्मान गरेका छन् ।

एमालेका उम्मेदवार हरिकृष्ण श्रेष्ठ र नेकपा माओवादीका क्षेत्रबहादुर घिमिरे (विप्लप)ले गत माघ २७ गते दोवामा मतदाता भेटघाट र आफ्ना विचार व्यक्त गर्न एउटै मञ्च प्रयोग गर्नुभएको थियो । सोही स्थानमा शनिबार नेकपाका उम्मेदवार अर्जुन थापालाई लिएर चुनाव प्रचारका लागि पुग्नुभएका २०७४ सालमा म्याग्दी १(क) बाट निर्वाचित प्रदेश सांसद केसीलाई एमालेबाट निर्वाचित वडाध्यक्ष दिलीप गर्बुजाको नेतृत्वमा सम्मान गरेका हुन् ।

पूर्वसांसद केसीले २०७४ सालको चुनाव प्रचारका क्रममा दोवामा 'एक घर, एक धारा'सहितको खानेपानी सुविधाको व्यवस्था मिलाउने प्रतिबद्धता जनाउनुभएको थियो । आर्थिक वर्ष २०७५/७६ देखि प्रदेश सरकारमार्फत सुरु भई करिब रु पाँच करोड लगानीमा गत वर्ष सम्पन्न भएको दोवा खानेपानी योजनाबाट ४२२ घरपरिवार लाभान्वित भएका छन् । मतदानको मिति नजिकिँदै गर्दा जिल्लाका राजनीतिक दल र उम्मेदवारहरूले प्रचारप्रसारलाई तीव्र बनाएका छन् । उम्मेदवार हरूले एकै दिन तीनदेखि छ ठाउँमा चुनावीसभा र नेता, कार्यकर्ता टोलटोलमा पुगेर घरदैलो गर्न थालेपछि ग्रामीण क्षेत्रमा चहलपहल बढेको छ। उम्मेदवारले घरदैलोदेखि सामाजिक सञ्जाललाई चुनाव प्रचारको माध्यम बनाएका छन् । प्रतिनिधिसभा सदस्य निर्वाचनमा एक निर्वाचन क्षेत्र रहेको यहाँ नेपाली कांग्रेसका कर्णबहादुर भण्डारी (केबी), एमालेका हरिकृष्ण श्रेष्ठ, नेपाली कम्युनिष्ट पार्टीका अर्जुन थापा र स्वतन्त्र उम्मेदवार डा महावीर पुन मुख्य प्रतिस्पर्धीका रुपमा देखिएका राजनीतिक विश्लेषक लक्ष्मण शर्माले बताउनुभयो । उहाँले राजनीतिक दलका उम्मेदवारहरूको साङ्गठनिक विरासत, विगतका कामको मूल्याङ्कन र महावीरको व्यक्तित्वबीचको प्रतिस्पर्धाका रूपमा लिइएको बताउनुभयो । छ स्थानीय तह रहेको जिल्लामा ८६ हजार ३९७ जना मतदाता, ८२ मतदानस्थल र १२० मतदान केन्द्र रहेका छन् । जिल्लाका उम्मेदवारहरूले हिमाली जिल्लाको मान्यतालाई कार्यान्वयन गराउने, सार्वजनिक सेवा प्रवाहलाई प्रविधिमैत्री बनाएर सुशासन कायम गर्ने, ढिलासुस्ती हटाउने, कानुन, बजेट र योजनामा जिल्लावासीको भावना, माग र आवश्यकतालाई समेट्ने प्रतिबद्धता जनाएका छन् ।

# गण्डकीको पुरानो साँस्कृतिमा आधारित नेपाली चलचित्र

**पोखरापत्र संवाददाता**
पोखरा, १० फागुन




नेपालमा हराउदै गएको बालन नाच अर्थात श्रीकृष्ण लिला विशेषत गण्डकी क्षेत्रमा श्रीकृष्ण भगवान जन्म अष्टमीमा सयौ कलाकारका साथ हजारौ दर्शक माझ देखाउदै आउनी चलन थियो । पछिल्लो क्रममा भने कलकार र आर्थिक ब्यावस्थापनले बालन नाच देखाउन साह्रै कठिन भएको छ ।

यसै बिचमा पोखरामा लामो समयदेखि बालन देखाउदै आइरहेको पोखरा भजन चुड्का संरक्षण प्रतिष्ठानले त्यही कथालाई टिपेर नेपाली कथानक चलचित्र श्रीकृष्ण निर्माण गरेको छ । लामो समयको अनुसन्धान अनि अध्ययन गरि निर्माण गरिएको चलचित्र प्रर्दशनको लागि तयारी भएको छ । २०८२ असोज १३ गते औपचारिक रुपमा शुभमुर्त गरि छायांकनको लागि २ महिना लागेको थियो भने चलचित्र तयार गर्दा १ महिना गरि करिब ३ महिनामा चलचित्र प्रर्दशनको लागि तयारी भएको छ । नेपाल सरकारबाट सेन्सर पास भएको चलचित्रमा भगवान कृष्णको जन्मसँगै राक्षस कंशको अन्त्यसम्मको कथा समेटिएको छ । सत्यता सधै जित हुन्छ यती हो त्यसको लागि कुर्नु पर्छ भन्ने मुल सन्देश बोकेको चलचित्रमा कलाकारहरु नवीन ढुङ्गाना, शिब पराजुली, प्रजापती गौतम, सरिता दानकोटी, बिष्नु शुबेदी, सन्तोष गौतम लयागतका सय भन्दा बढि कलाकारको अभिनय रहेको चलचित्रको छायांकन श्रीकान्त सिग्देलले गरेका छन् भने सम्पादन सगुन सिग्देल ले गर्नु भएको छ । पटकथा तथा श्रीङ्गार तुलसी अधिकारीले गर्नु भएको छ। संस्थाका अध्यक्ष कृष्ण प्रसाद गौतम सदस्यहरु कृष्ण बहादुर विश्वकर्मा, लक्ष्मी गुरुङ्ग, तुलसी अधिकारी लयागतको लगानी रहेको चलचित्रमा १ घन्टा ३० मिनेट रहेको चलचित्रमा ४ ओटा गित समेटिएको छ। उक्त गितमा कृष्ण प्रसाद गौतम, तारापति सुवेदी, कल्पना सुवेदी, सरला पाण्डे ले आबाज दिनु भाको छ भने संगितकार कृष्ण प्रसाद गौतम, ध्वानी मिश्रण भरत सुनार । रेकर्डिङ्ग छवि सुवेदी । रहेको चलचित्रको निर्देशक कृष्ण प्रसाद गौतमले गर्नुभएको छ । लामो समय अध्ययन गरि निर्देशन गरेका गौतम करिब ६ सय गित गायनसँगै निर्देशक गरेको अनुभब छ । चलचित्र हाल नेपालमा चुनाबी माहोल भएको हुदाँ तत्काल विदेश प्रर्दशन गर्ने र अलिकति चुनाबी माहोल कम भएसी नेपाली क्यालिडर अनुसार धार्मिक महिना साउनमा प्रदर्शन गर्ने चलचित्र युनिटबाट जानकारी प्राप्त भएको छ।

# उद्यमी व्यवसायीहरुका लागि उद्यम क्लिनिक

**पोखरापत्र संवाददाता**
पोखरा, १० फागुन

लेखनाथ उद्योग वाणिज्य संघमा व्यवसायीहरु एवम् उद्यमी हुन चाहनेहरुका लागि उद्यम क्लिनिक सञ्चालन गरिएको छ । पोखरा महानगरपालिका व्यवसाय प्रवर्द्धन केन्द्रको आयोजना र संघको समन्वयमा आइतबार कार्यक्रमको आयोजना गरिएको हो ।

कार्यक्रममा संघका अध्यक्ष जानुका पराजुली अधिकारीले उद्यमी व्यवसायीहरुका आफ्ना व्यवसाय सञ्चालनका क्रममा आइपर्ने विभिन्न समस्याहरुको निराकरणको लागि कार्यक्रमको आयोजना गरिएको बताउँदै आफना समस्याहरुलाई निर्धक्कका साथ राख्न आग्रह गरेकी थिईन । अध्यक्ष पराजुलीले उद्यम क्लिनिक सञ्चालनले निजी क्षेत्रका समस्या समाधानमा सहयोग पुऱ्याउने र समग्र व्यावसायिक वातावरण सुधारमा टेवा पुग्ने विश्वास व्यक्त गरेकी थिईन ।

# दुई पाडीबाट आचार्यले थालेको भैँसीपालन व्यावसायिकता तर्फ

**पोखरापत्र संवाददाता**
गण्डकी, १० फागुन



आजभन्दा सात वर्षअघि पोखरा महानगरपालिका-३३ भरतपोखरीका रमेश आचार्यले दुई पाडीबाट सुरु गर्नुभएको भैँसीपालनले यतिखेर व्यावसायिक रूप लिएको छ ।

समाजमा कृषिप्रतिको नकारात्मक सोच कायमै रहेका समयमा स्नातकोत्तरसम्मको अध्ययन गर्नुभएका उहाँले भरतपोखरीस्थित सुरौदीको तिखेढुङ्गामा दुई पाडी पाल्न सुरु गर्नुभएको थियो । आचार्यलाई तत्कालीन समयमा आफ्नै छिमेकी, इष्टमित्रसमेतले के गरेको होला भनेर होच्याउँथे, कुरा काट्ने गर्थे । तर समय बदलिएको छ, त्यसबेला होच्याउने र खिस्सीट्युँरी गर्नेहरू अहिले भने उहाँको फस्टाइरहेको भैँसीपालनसहितको व्यावसायिक कृषि कर्म देखेर लोभिएका छन् । भैँसीपालनले व्यावसायिक रूप लिँदा आचार्य आफैँ आफ्नो पेसाप्रति गौरवान्वित हुनुहन्छ । पाडी पाल्न सुरु गर्दा तिखेढुङ्गामा केवल झाडीमात्र रहेको र त्यसलाई फाँडेर पाल टाँगेर बसेको उहाँले अनुभव सुनाउनुभयो । "वरपर जङ्गलको बीचमा पाल टाँगेर मैले यो व्यवसाय सुरु गरेको हुँ", आचार्यले भन्नुभयो, "पछि गोठ तथा धन्सार बनाएर त्यसलाई व्यवस्थित गर्दै लगेँ, अहिले गोठमा ३० भैँसी छन् ।" पछिल्ला समयमा हरेक वर्ष लैनो भैँसी बेच्ने गरेको आचार्यले बताउनुभयो । उहाँले अघिल्लो वर्ष १८ लैनो भैँसी बेच्नुभयो । भैँसी बिक्री गर्न समस्या छैन । सामान्यतः एउटा लैनो भैँसी रु एक लाखसम्ममा बिक्री हुने गरेको छ । स्नातक तहसम्मको अध्ययन गर्नुभएका आचार्य आफ्नो १० वर्षको शिक्षण पेसा, तीन वर्षको वैदेशिक रोजगारीसँगै विद्युत् प्राविधिकसमेतको अनुभव सगाल्दै अहिले पूर्ण रूपमा व्यावसायिक कृषिमा लाग्नुभएको छ । विसं २०७८ मा तिखेढुङ्गा बागमारा पशुपालन तथा कृषि फार्म दर्ता गरी व्यावसायिक कृषि कर्ममा लाग्नुभएका आचार्यले भैँसीपालनसँगै व्यावसायिक रूपमा तरबुजाखेतीसहित तरकारी, फलफूल तथा विभिन्न कृषिजन्य उत्पादन गर्दै आउनुभएको छ । फार्ममा उहाँले हाल मकैखेती, तरबुजा, काँक्रो, लसुन, प्याजलगायत गरिरहनुभएको छ । आचार्यले सुरुमा २०७६ सालमा साना किसानबाट रु तीन लाख ऋण लिएर व्यावसायिक कृषि थालेकामा पछि फार्म दर्ता भएपश्चात कृषि विकास बैंकबाट ऋण लिएर आफ्नो व्यावसायिक यात्रा सुरु गर्नुभएको हो ।

व्यावसायिक कृषिमा नयाँनयाँ प्रयोग गर्न रुचाउने आचार्यले सुरुमा १५-२० बोट तरबुजाखेती परीक्षणका रुपमा गर्नुभयो । अर्को वर्ष दुई रोपनी क्षेत्रफलमा थप्नुभयो। राम्रो उत्पादन दिएपछि अघिल्लो वर्ष करिब ३५ रोपनी क्षेत्रफलमा संयुक्त रूपमा उक्त खेती गर्नुभयो । श्रीमती धनलक्ष्मी तथा स्नातक तहमा अध्ययनरत छोराछोरीको साथले आचार्य आफ्नो कृषिकर्मप्रति उत्साहित हुनुहुन्छ । सुरौदी खोलाको बाढीले बर्सेनि कटान भइरहेकाले नियन्त्रणसँगै यहाँको पानीलाई सिँचाइका लागि उपयोग गरि नुपर्ने उहाँ बताउनुहुन्छ । खोलामा पक्की पुल तथा बाटो व्यवस्थित नहुँदा दूध बजारसम्म पुऱ्याउन नसकिएको आचार्यले दुःखेसो गर्नुभयो। बाँदरको समस्या सुरौदीमा पनि उस्तै छ । फार्ममा उत्पादित कृषिजन्य वस्तु भरतपोखरीमा नै खपत हुने गरेको आचार्यको भनाइ छ । सुरौदीसम्मको बाटो थप व्यवस्थित गर्नुका साथै टुनिखोलामा पुल बन्न सके उत्पादित वस्तु पोखरा तथा तनहुँको दुलेगौँडा पुऱ्याउन सहज हुने उहाँले बताउनुभयो । सुरौदी खोला क्षेत्रमा पानीको स्रोत भएर पनि त्यसलाई व्यवस्थित गर्न नसक्दा सिँचाइको असुविधा भोग्नुपरेको आचार्य बताउनुहुन्छ । व्यवस्थित गर्न सकेमात्रै पनि यहाँ उपलब्ध पानीको स्रोतलाई उत्पादनसँग जोड्न सकिने उहाँले बताउनुभयो । सुरौदी खोलाको कटान नियन्त्रण हुन नसक्दा उब्जाउयोग्य जमिन बर्सेनि बगरमा परिणत हुँदै जाँदा जलाधार क्षेत्रका स्थानीयवासी समस्यामा परेको आचार्यको भनाइ छ ।

# घान्द्रुकमा सञ्चालित घोडादौडमा विवेक पुन प्रथम

**पोखरापत्र संवाददाता**
पोखरा, १० फागुन

प्रसिद्ध पर्यटकीय अन्नपूर्ण गाउँपालिका-१० र ११ को घान्द्रुकमा आयोजित चारदिने घान्द्रुक पर्यटन महोत्सव सकिएको छ ।

घान्द्रुक पर्यटन व्यवस्थापन समिति र रोधीं क्लब कौंड (घान्द्रुक)को संयुक्त आयोजनामा बुधबारदेखिसुरुभएकोमहोत्सवका अवसरमा आयोजित राष्ट्रव्यापी अन्तरपालिका खुला पुरुष बास्केटबल प्रतियोगिताको उपाधि जलजला गाउँपालिका पर्वतले जितेको छ । शनिबार सम्पन्न फाइनल खेलमा जलजला गाउँपालिका पर्वतले अन्नपूर्ण गाउँपालिका म्याग्दीलाई ६५-६१ अङ्कले पराजित गरेको हो । विजेता जलजला पर्वतले रु एक लाख ६६ हजार ६६६, उपविजेता अन्नपूर्ण म्याग्दीले रु एक लाख ११ हजार १११ र तृतीय भएको मादी गाउँपालिकाले रु ५५ हजार ५५५ सहित ट्रफी, मेडल र प्रमाणपत्र प्राप्त गर्नेछन् ।

त्यसैगरी, महोत्सवका अवसरमा आयोजित प्रथम राष्ट्रव्यापीघोडादौडप्रतियोगितामा निर्धारित दूरी ११ मिनेट २३ सेकेन्डमा पूरा गर्दै विवेक पुन प्रथम भएका छन् । अमित गुरुङ ११ मिनेट ४७ सेकेन्डमा दूरी पूरा गर्दै द्वितीय, अमृत तामाङ ११ मिनेट ५७ सेकेन्डमा दूरी पार गर्दै तृतीय, विनोद पुन थापा १२ मिनेट एक सेकेन्डमा दूरी पार गर्दै चौथो तथा हितमान गुरुङ १२ मिनेट २५ सेकेन्डमा दूरी पार गर्दै पाँचौं भए । घोडादौड प्रतियोगितामा प्रथम हुनेले रु एक लाख एक हजार १११, द्वितीयले रु ४० हजार ४४४, तृतीयले रु २० हजार २२२, चौथो हुनेले रु ११ हजार, पाँचौं हुनेले रु नौ हजार, छैटौं हुनेले रु सात हजार र सातौं हुनेले रु पाँच हजारसहित प्रमाणपत्र प्राप्त गरे । घोडादौड प्रतियोगितामा पोखरा, घान्द्रुक, उरी, घोरेपानीलगायतका ४५ जनाले घोडासहित सहभागिता जनाएका थिए । यस्तै, २० जनाको सहभागिता रहेको घान्द्रुक चक्रिय पदमार्ग दौड प्रतियोगितामा पुस्कल पौडेलले ३२ मिनेट ५५ सेकेन्डमा दूरी पार गर्दै प्रथम हुँदै रु १६ हजार ६६६ प्राप्त गरे । कृष्ण परियारले ३४ मिनेट १४ सेकेन्डमा दूरी पार गर्दै उपविजेता हुँदै रु सात हजार ४४४ र सन्तोष परियारले ३५ मिनेट ३४ सेकेन्डमा दूरी पार गर्दै तृतीय हुँदै रु तीन हजार ४४४ सहित मेडल र प्रमाणपत्र प्राप्त गरे । यस्तै महिला रस्साकस्सी प्रतियोगितामा मुसुबा आमा समूह तल्लो गाउँ प्रथम हुँदै रु ११ हजार १११ र उपविजेता भएको उरी आमा समूह घान्द्रुकले रु पाँच हजार ५५५ प्राप्त गऱ्यो । पुरुष रस्साकस्सीतर्फ माझगाउँ विजेता हुँदै रु ११ हजार १११ र उपविजेता भएको हुदले रु पाँच हजार ५५५ प्राप्त गऱ्यो । यस्तै, छेलो प्रतियोगितामा स्याङ्जाका दुजिक थापामगर विजेता बन्दै रु १६ हजार ६६६ र पर्वतका युवराज गुरुङ उपविजेता बन्दै रु छ हजार ६६६ प्राप्त गरे । पोखराबाट साढे दुई घण्टाको सवारी यात्रामा पोखरा बागलुङ सडकखण्डको नयाँपुल, विरेठाटीहुँदे घान्द्रुक पुग्न सकिन्छ ।


## "कास्की जिल्लाको माछापुच्छ्रे गाउँपालिका वडा ४ स्थित तिन रोपनी छ आना तिन दाम चार पैसा निजि जमिनबाट निर्माणजन्य पदार्थको उत्खनन्" आयोजनाको प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदन तयारी सम्बन्धी सार्वजनिक सुनुवाईको सूचना

**(प्रथम पटक प्रकाशित मितिः २०८१/११/११)**

गण्डकी प्रदेश, कास्की जिल्ला, माछापुच्छ्रे गाउँपालिका वडा नं. ४. लाहाचोक गाउँमा श्री रुद्रलाल बास्तोला तथा श्रीमती गौरी ढकालद्वारा निम्न बमोजिमको प्रस्ताव कार्यान्वयन गर्न लागिएको छ ।

| | |
|---|---|
| प्रस्तावको नाम तथा ठेगाना | श्री रुद्रलाल बास्तोला तथा श्रीमती गौरी ढकाल<br>मिलन चोक-२५, पोखरा<br>गण्डकी प्रदेश, नेपाल<br>टेलिफोनः +९७७-९८५६०२९७१२ |
| प्रस्तावको व्यहोरा | प्रस्तावित "कास्की जिल्लाको माछापुच्छ्रे गाउँपालिका वडा नं. ४ स्थित तिन रोपनी छ आना तिन पैसा दाम चार (३-६-३-४) निजि जमिनबाट निर्माणजन्य पदार्थको उत्खनन आयोजना" लाहाचोक गाउँमा प्रस्तावक श्री रुद्रलाल बास्तोलाको नाममा रहेको कित्ता नं. ४७५ (१-०-०-१), श्रीमती गौरी ढकालको नाममा रहेको कित्ता नं. ४६७ (२-६-३-३) मा रहेको जम्मा १७४८.७७ वर्ग मिटर जग्गालाई आवासीय प्रयोजन तथा कृषिमा उपयोग गर्नको लागि जग्गालाई सम्याउने र सरल सिंचाई व्यवस्थापन सहित खेतियोग्य जमिनमा रुपान्तरण गर्दै दीर्घकालिन रुपमा तरकारी खेती गर्ने तथा यस क्रममा उत्पादन हुने मिटर माटो तथा ग्राबेल प्रचलित नियम कानुनको अधिनमा रही स्थानीय बजारमा बिक्रीवितरण गर्नु यस प्रस्तावको मुख्य उद्देश्य रहेका छ । |
| प्रभाव पर्न सक्ने जिल्ला/म.न.पा./गाउँपालिका | गण्डकी प्रदेश, कास्की जिल्ला, माछापुच्छ्रे गाउँपालिका वडा न. ४. |

माथि उल्लिखित प्रस्तावको संक्षिप्त वातावरणीय अध्ययन प्रतिवेदन तयारी गर्ने क्रममा सो क्षेत्रको जैविक तथा परिस्थितिकीय प्रणाली, प्राकृतिक तथा भौतिक प्रणाली, सामाजिक तथा आर्थिक प्रणाली र सांस्कृतिक प्रणालीहरु बीच के कस्तो सकारात्मक तथा नकारात्मक प्रभाव पर्दछ भनी यकिन गर्न, माछापुच्छ्रे गाउँपालिका ४ नं. वडा समिति, विद्यालय, स्वास्थ्य संस्था तथा सरोकारवाला व्यक्ति वा संस्थाको लिखित राय सुझाव लिन आवश्यक भएकाले यो सार्वजनिक सूचना प्रकाशन भएको मितिले सात दिन भित्र देहायमा उल्लिखित ठेगानामा आई पुग्ने गरी लिखित राय सुझाव उपलब्ध गराई दिनुहुन अनुरोध गरिन्छ ।

**राय सुझावका लागि पत्राचार गर्ने ठेगानाः**

| | |
|---|---|
| **प्रस्तावकको नाम र ठेगानाः** | **श्री रुद्रलाल वास्तोला तथा श्रीमती गौरी ढकाल**<br>**मिलन चोक-२५, पोखरा**<br>**गण्डकी प्रदेश, नेपाल**<br>**टेलिफोनः +९७७-९८५६०२९७१२** |
| **परामर्शदाताको नाम र ठेगानाः** | **ग्रीन प्रविधि इन्जिनियरिङ सोलुसन प्रा. लि.**<br>**पोखरा महानगरपालिका वडा नं. ६, कास्की, गण्डकी प्रदेश, नेपाल**<br>**टेलिफोनः +९७७-९८६६०११०२०, इमेलः** greentech968@gmail.com |